मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

**सूचना**

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख २७ गते सोमवार (Monday, May 10. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ज्यान नै जाने गरी धनमाल लुट्ने तीन जना पक्राउ



**सुनसरी, बैशाख २६।** सुनसरी धरान-१५ पूर्वेली पथबाट धारिलो हतियारले प्रहार गरी गम्भीर घाइते बनाइ नगद र गरगहना लुट्ने समूह पक्राउ परेको छ ।

पक्राउ पर्नेमा मोरङ पथरी-३ घर भई हाल धरान-१५ सुनगाभा मार्गमा बस्ने ३८ बर्षीय सन्तोष भन्ने वीरबहादुर परियार, पथरी शनिश्चरे-५ पिपलडाँडा घर भई हाल धरान-१० पुतली लाइन बस्ने ३५ बर्षीय सोनी राई र धरान-१३ अमरहाट बस्ने २९ बर्षीया लक्ष्मी लिम्बू रहेका छन् ।

यही बैशाख ११ गते बिहान सवा ९ बजे सोही स्थानका झरना बिश्वकर्मा र उनको छोरा जोहन बिश्वकर्मा पूजा गर्न घर बाहिर गएको अवस्थामा अपरिचित मानिस प्रवेश गरी झरनाकी आमा गोबिन्द माया विश्वकर्मालाई टाउको लगायत शरीरका बिभिन्न भागमा धारिलो हतियारले प्रहार गरी गम्भीर घाइते बनाइ नगद रु. २ लाख र घरमा रहेका सुनका गरगहना गरी जम्मा रु. ११ लाख ४० हजार ९५० बराबरको धनमाल डाका गरी लगेका थिए । सो घटनामा घाइते भएकी गोबिन्द मायालाई न्यूरो अस्पताल विराटनगर पठाइएकोमा उपचारको क्रममा बैशाख १९ गते मृत्यु भएको थियो ।

उक्त घटनामा संलग्न प्रतिबादीहरुको खोजतलासका लागि पीडित परिवारको जाहेरी तथा स्थानीय मानिसको सूचनाको आधारमा सूक्ष्म रुपले अनुसन्धान प्रकृया अगाडि बढाइएको थियो । उक्त घटनाको अनुसन्धान थालेको १ नम्बर प्रदेश प्रहरी कार्यालय अनुसन्धान समूह, जिल्ला प्रहरी कार्यालय सुनसरी तथा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले उल्लेख गरिएका सामानसहित घटनामा संलग्न उनीहरुलाई नियन्त्रणमा लिन सफल भएको हो ।

पक्राउ परेका उनीहरुले लुटेर लगेको गहनाहरु सोनी राईले बहिनी नाता पर्ने लक्ष्मी लिम्बूलाई लुकाईछिपाई राख्न दिएको खुल्न आए पश्चात लक्ष्मीको कोठा खानतलासी गर्दा सुनका गहनाहरु फेला पारी बरामद गरिएको हो ।

पक्राउ परेका उपर कर्तव्य ज्यान र डाँका मुद्दामा इलाका प्रहरी कार्यालय धरानबाट कारवाही प्रकृया अगाडि बढाइएको छ ।

बिरामीका आफन्त भन्छन्-

# अब कसरी बचाउनु ?

**पार्थ मण्डल**

**झापा, बैशाख २६।** कोरोना संक्रमित श्रीमानलाई कसरी बचाउनु भन्दै उनकी श्रीमती अहिले कोभिड उपचार केन्द्रमै छटपटाइरहेकी छिन् ।

भद्रपुर नगरपालिका-१० निवासी ५० वर्षीय श्रीमानलाई उनकी श्रीमती माया आफैंले शनिवार बेलुका साढे ७ बजे भद्रपुर-८स्थित मेची कोभिड-१९ उपचार केन्द्र लिएर आएकी थिइन् । हिजो बेलुका श्रीमानलाई उपचार केन्द्रमा ल्याए पनि अहिलेसम्म केन्द्रमा खटिने चिकित्सक तथा नर्सको टोलीले आएर नहेरिँदा उनी तनावमा छिन् । श्रीमानको उपचारमा कोही नआएपछि श्रीमानसँगै कुरुवा बसेकी मायाले अन्ततः सञ्चारकर्मीलाई गुहार्न पुगिन् । त्यसपछि उनी सम्पर्कमा आइन् ।

पूर्वाञ्चलकर्मीसँगको फोन वार्तामा मायाले रुँदै मनको व्यथा सुनाउँदै भनिन्- 'मेरो श्रीमानलाई कसरी बचाउनु, अब भगवान् भरोसामा छौं, मेरो जस्ता पीडा अरू कसैले पनि भोग्नु नपरोस् ।' सात दिनअघि श्रीमानलाई ज्वरो आएपछि मेची अस्पतालका चिकित्सकलाई देखाएर घर ल्याएको बताउँदै मायाले भनिन्- 'ज्वरो जाती नभई झन् बल्झिँदै गएपछि मेची अस्पतालमा लगेर श्रीमानको पीसीआर परीक्षण गराएका थियौं ।' तीन दिनपछि आएको पीसीआर रिपोर्टमा कोरोना पोजेटिभ देखियो, कोरोना पुष्टि भएपछि श्रीमानलाई एक दिन होम आइसोलेशनमै राखेर रेखदेख गर्‍यौं- उनले भनिन् ।

'होम आइसोलेशनमा राख्दा श्रीमानको श्वासप्रश्वास समस्या आएपछि म अतालिएँ, त्यसपछि मेचीको कोभिड उपचार केन्द्रमा भर्ना गर्नु पर्‍यो भनेर सबैतिर सोधपुछ गर्न थालेँ'- उनले भनिन्- 'अस्पतालले सङ्क्रमितको लागि बेड छैन भन्यो, त्यसपछि मेयर साबलाई फोन गरे मेयर साबले पनि मेचीमा बेड छैन, अन्यत्र लैजानुस् भन्नुभयो ।'

त्यसो भनेपछि म झन् अत्तालिएँ, जे हुन्छ होस् भन्दै एम्बुलेन्सलाई फोन गरेँ । दिउँसो २ बजे फोन गरेको एम्बुलेन्स बेलुका ७ बजे घर आइपुग्यो, त्यसपछि एम्बुलेन्समा हालेर श्रीमानसँगै म पनि मेची कोभिड उपचार केन्द्र पुगेँ'- उनले सुनाइन् । अस्पतालको नयाँ भवनमा कोभिड उपचार केन्द्र बनाइएको छ । एम्बुलेन्सले उपचार केन्द्रको गेटमै लगेर छाडिदियो, त्यहाँबाट उनलाई दुई तले बेडसम्म पुऱ्याउने कोही थिएन, आफैंले श्रीमानलाई जसोतसो सिँढीमा घिसार्दै बेडसम्म पुऱ्याएको कथा उनले पूर्वाञ्चलकर्मीलाई सुनाइन् ।

उनका अनुसार श्रीमानलाई राखिएको ठाउँमा १३ वटा बेड खाली थियो, एउटामा श्रीमानलाई राखेँ । श्रीमानलाई अक्सिजनको खाँचो भयो । कुनै बेडमा पनि अक्सिजन थिएन । अक्सिजनका लागि हारगुहार गर्न थालेँ । छेउमै रहेकी एक महिला सङ्क्रमितको अक्सिजन सिलिन्डर थियो । त्यही अक्सिजन उनकै १० बर्षीय छोरा आफैंले

(बाँकी अन्तिम पृष्ठमा)



### १३३ वटा अक्सिजन ग्यास सिलिण्डर बुझाइयो



**झापा, बैशाख २६ ।** झापा प्रहरीको सक्रियतामा स्थानीय ग्यारेजबाट १३३ वटा अक्सिजन ग्यास सिलिण्डर भेला पारी अक्सिजन रिफिल गर्न सम्बन्धित डिलरलाई बुझाइएको छ ।

गत बुधबारदेखि शनिबारसम्ममा इलाका प्रहरी कार्यालय दमकले १२ वटा, अनारमनीले ९० वटा, काँकरभिट्टाले १२ वटा र धुलाबारीले १९ वटा गरी जम्मा १३३ वटा अक्सिजन ग्यास सिलिण्डर जम्मा गरेको हो । उक्त जम्मा पारिएको सिलिण्डरहरु

(बाँकी अन्तिम पृष्ठमा)

## रोकियो ३० सांसदको सामुहिक राजीनामा

**झापा, बैशाख २६।** प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पठाएका विष्णु पौडेल र सुवास नेम्वाङसँग भेटेपछि माधव नेपाल समूहले दिने भनेको राजीनामा रोकिएको छ ।

नेकपा एमाले नेता नेपाल समूहले सामुहिक राजीनामा दिने तयारी गरेको थियो । तर, पार्टी अध्यक्ष ओलीले पौडेल र नेम्वाङलाई नेता नेपाल समूहलाई भेट्न पठाएपछि आजका लागि उनीहरुको राजीनामा रोकिएको हो । ओलीले आफ्नो कदम नसच्याए नेपाल समूहले सामुहिक राजीनामा गर्ने निर्णय गरेको थियो । तर, संसद् सचिवालयमा नेपाल समूहका सांसद् उपस्थित हुन थालेपछि ओलीले आफू पक्षका दुई नेतालाई पठाएका थिए ।

दुवै पक्षले आ-आफ्नो कुरा राखेको भए पनि कुरा मिल्न सकेको छैन । नेता नेपाललाई भेटेर फर्केपछि नेता पौडेलले राजीनामाबारे विचार गर्ने आश्वासन दिएको बताए ।

यसैबीच नेकपा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना दलका कुनै पनि सांसदलाई सामुहिक राजीनामा नदिन आग्रह गरेका छन् । उनले यस्तो कार्यलाई 'अपराध' व्याख्या गर्दै यस्ता काममा सहभागी नहुन पार्टीका सांसदहरूलाई भनेका छन् । विज्ञप्ति नै निकालेर ओलीले 'फ्लोर क्रस' गर्ने, अविश्वास प्रस्ताव राख्ने, सामुहिक राजीनामा गर्ने कार्यलाई 'हानिकारक प्रयास' भएको भनेका छन् ।

'के यस्ता क्रियाकलापमा सरिक हुनेलाई इतिहासले माफी गर्ला ? सोचौं भोलि हामी जनतालाई जवाफ दिन्छौं'- उनले लेखेका छन्- 'तसर्थ यस्तो अपराध कर्ममा जानी नजानी कुनै पनि हिसाबले संलग्न नहुन म पार्टी अध्यक्षको हैसियतले सबैलाई हार्दिक आह्वान र आग्रह गर्दछु ।' भोलि सोमबार प्रधानमन्त्री ओलीले संसदमा विश्वासको मत लिँदै छन् ।

जसका लागि संसदमा विशेष अधिवेशन बोलाइएको छ । आइतवार माधव नेपाल राजीनामाको तयारी गर्दै संसद सचिवालय पुगेका थिए । तर ओली पक्षका महासचिव पौडेल नेता नेम्बाङ माधव नेपालको राजीनामा रोक्न संसद सचिवालय पुगेका थिए ।

## बेहुला-बेहुलीनै संक्रमित

**संखुवासभा, वैशाख २६।** संखुवासभाको मादी नगरपालिका-३, लेलेमा वैशाख २३ गते विवाह गरेको नवदम्पतीमा कोरोना संक्रमण देखिएको छ ।

वैशाख २३ गते विवाह गरेका २५ वर्षीय बेहुला र २० वर्षीया बेहुलीमा कोरोना संक्रमण पुष्टि भएको नगरप्रमुख विदुर लिङ्थेपले जानकारी दिएका छन् ।

विवाह भएको दुई दिनपछि स्वास्थ्यमा समस्या देखिएपछि परीक्षण गर्दा संक्रमण देखिएको हो । उनीहरुमा ज्वरो र रुघाखोकी आएपछि शनिबार परीक्षण गराउँदा संक्रमण पुष्टि भएको हो ।

पढाइको सिलसिलामा काठमाडौं बस्दै आएका उनीहरु १५ दिन अघि मादी आएका थिए । उनीहरुको घरमा २३ गते विवाह र पुराण एकैसाथ भएको थियो । विवाहमा तीन सयभन्दा बढी सहभागी भएको र सहभागीलाई पनि सजग रहन मादी नगरपालिकाले अनुरोध गरेको छ ।

जोखिम बढेपछि गाउँ नै सिल गरी स्वाब संकलनका लागि स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको नगर प्रमुख लिङ्थेपले बताए । संक्रमित देखिएका दम्पतीलाई चैनपुरमा राखिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा बैशाख २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

**मोबाइल ! मोबाइल !! मोबाइल !!!**

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me इत्यादि साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड

सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१



# बिर्तामोडमा ५० शय्याको आइसोलेशन



**झापा, बैशाख २६।** विर्तामोड नगरपालिकाले बढ्दो कोरोना सङ्क्रमणलाई दृष्टिगत गरी ५० शय्याको आइसोलेशन तयार पारेको छ ।

मेची आँखा अस्पतालको भवनमा अक्सिजनसहित ५० शय्याको आइसोलेशन तयार पारिएको नगरपालिकाले जनाएको हो । बढ्दो कोरोना सङ्क्रमणको ग्राफलाई मध्यनजर गरी आइसोलेशन तयार गरिएको र आवश्यक भए यसलाई बढाएर लैजाने नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले जानकारी दिए । यस आइसोलेशनका लागि हाललाई २ जना स्वास्थ्यकर्मी छुट्याइएको छ ।

नगरपालिकाले यसअघि नै अनारमनीमा रहेको नगर अस्पतालमा अक्सिजनसहित ५ शय्याको कोभिड अस्पताल सञ्चालनमा ल्याएको छ ।

डा. गोविन्द कँडेलको सुझाव –

# लक्षण देखिए तत्काल पीसीआर गर्नु


**झापा, बैशाख २६।** कोरोनाबाट बच्न र बचाउन 'पत्रकारहरुका लागि विशेषज्ञ चिकित्सकको परामर्श' विषयक भर्चुअल अन्तरसंवाद नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा आइतवार सम्पन्न भएको छ ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षता र महासंघ १ नं. प्रदेशका अध्यक्ष लीलावल्लव घिमिरेको प्रमुख आतिथ्य रहेको अन्तरसंवादमा विशेषज्ञ चिकित्सक गोविन्द कँडेलले परामर्शका साथै पत्रकारको जिज्ञासाको जवाफ दिएका थिए ।

कोरोना भाइरसबाट संक्रमित भई हाल आइसोलेशनमा बसेका, यसअघि संक्रमित भई स्वास्थ्यलाभ गरेकासहित देशविदेशबाट कार्यक्रममा ७१ जनाले सहभागिता जनाएका थिए । भरतपुर अस्पताल चितवनका वरिष्ठ कन्सलटेन्ट जनरल फिजिसियन डा. कँडेलले संक्रमित पत्रकारले आइसोलेशनमा बस्दा गर्नुपर्ने कार्य तथा अन्य पत्रकारले रिपोर्टिङमा जाँदा, घर आउँदा र अन्य समयमा अपनाउनु पर्ने सावधानी लगायतका विषयमा परामर्श दिएका थिए ।

'अर्को रोग हो भन्ने पत्ता नलागेसम्म हरेक रुघाखोकी, ज्वरो, शरीरको दुखाई कोभिड हो'- डा. कँडेलले भने- 'यस्तो लक्षण देखिएमा तत्काल पीसीआर परीक्षण गर्नुहोस्, त्यसबाट कोभिड हो-होइन थाहा भएपछि आफू, आफ्नो परिवार र समाजलाई बचाउन सकिन्छ ।'

कोरोनाको दोस्रो भेरियन्ट बढी संक्रामक भएको भन्दै डाक्टर कँडेलले घरबाहिर निस्कँदा कोही साथीभाइ भेट भई हालेसँगै बसेर चिया नास्ता नखान सुझाए । खाँदा मास्क खोलिन्छ, जसले गर्दा संक्रमण सजिलै फैलने भन्दै डा. कँडेलले घर बाहिर निस्कँदा चिया नास्ता खाने बानी हटाउन सुझाए । कुनै लक्षण देखिए वा शंका लागे तत्काल पीसीआर परीक्षण गर्न सुझाएका डा. कँडेलले संक्रमितहरुलाई मनोबल उच्च राख्न, शारीरिक व्यायाम, अध्ययन लगायतका कार्यबाट आफूलाई व्यस्त राख्न र रुची हुने, पचाउन सकिने सबै खाले खानेकुरा खान सकिने सल्लाह दिए । पहिलो पीसीआर गरेको १४ दिन पछि पनि रिपोर्ट पोजेटिभ आए डराउनु नपर्ने, सामान्य दैनिकीमा फर्कन सकिने उनले बताए । १४ दिन बितेपछि पीसीआर गर्न नपर्ने, त्यो व्यक्तिले संक्रमण सार्न नसक्ने डा. कँडेलको भनाइ छ । तर, कोरोना खोप लगाएको व्यक्ति आफू सुरक्षित भए पनि उसले अरुलाई भाइरस सार्ने संभावना चाहि हुने भएकाले व्यक्ति व्यक्ति वीचको भौतिक दूरी महत्वपूर्ण हुने उनले बताए ।




## पत्रकारहरुका लागि विशेषज्ञ चिकित्सकको परामर्श

कार्यक्रमका प्रमुख अतिथि महासंघ १ नं. प्रदेशका अध्यक्ष घिमिरेले महामारीको समयमा महासंघको तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्ने बताउँदै झापा शाखाले गरेको कामको सह्राहना गरे । अन्तरसंवादमा हाल होम आइसोलेशनमा रहेका पत्रकारहरु भीमा शिवाकोटी, पुष्प बराल, राजु अधिकारी, वीरबहादुर दर्नाल, गौरव पोखरेलले आफ्ना भोगाइ, परेको समस्यासहित जिज्ञासा राखेका थिए । त्यस्तै पत्रकारहरु राजेन्द्र गौतम, अनिल वाग्ले, आत्माराम राजवंशी, जीआर धिताल, धर्मेन्द्र मामा, लक्ष्मी उप्रेती, उमानाथ भण्डारी तथा पुनम प्रधान, कमल न्यौपाने, सुमनसिंह पौडेल लगायतले पनि जिज्ञासा राखेका थिए ।

उपाध्यक्ष केशव भट्टराईले स्वागत र अर्का उपाध्यक्ष सुशीला संग्रौलाले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए ।

कार्यक्रममा महासंघ १ नं. प्रदेशकी उपाध्यक्ष हिमा चेम्जोङ, महासंघ इलामका अध्यक्ष विप्लव भट्टराई, महासंघ ताप्लेजुङका अध्यक्ष आनन्द गौतम, खोटाङका अध्यक्ष दिलीप दाहाल, युएई शाखाका सहसचिव रामप्रसाद ढुंगेल, महासंघ प्रदेश समिति सदस्य लीलाराज झापाली, फोनिज १ नं. प्रदेशका इन्चार्ज दिपीन राई, प्रेस मञ्च नेपालका केन्द्रीय सचिव कमन देवान, फोनिज झापाका पूर्व अध्यक्ष गणेशमान मुखिया, मिडिया नेपाल झापाका अध्यक्ष रञ्जित प्रसाई, संघीय पत्रकार मञ्च नेपालका अध्यक्ष दिलकुमार लावती, नारी सञ्चारगृह झापाकी संस्थापक अध्यक्ष सावित्रा दाहाल, शिक्षा पत्रकार समूह प्रदेश नं. १की संयोजक राधा खनालसहित इलाम, पाँचथर, ताप्लेजुङ, ओखलढुंगा लगायतका जिल्लाबाट समेत कार्यक्रममा सहभागिता थियो ।

# साथीको कुटाइबाट मृत्यु

**ओखलढुंगा, बैशाख २६।** मादक पदार्थ सेवनपछि भएको विवादका क्रममा यहाँ एक वृद्धको मृत्यु भएको छ । साथीको कुटाइबाट खिजिदेम्बा गाउँपालिका-१ रगनीको आरुबोटका ६० वर्षीय महेशकुमार खड्काको मृत्यु भएको हो ।

शनिबार बेलुका करिब ८:४५ बजे स्थानीयवासी ५० वर्षीय प्रेमबहादुर सुनुवार र खड्काबीच मादक पदार्थ सेवन गरी कुटाकुट हुँदा खड्काको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख गोविन्दराज काफ्लेले जानकारी दिए ।

प्रहरीका अनुसार सुनुवारले खड्काकै घरमा आएर कुटपिट गरेका थिए । दुवै जनाले मदिरा सेवन गरेका थिए । घरैमा आएर सुनुवारले हत्या गरेको गरेको भन्दै खड्काका परिवारले कारवाहीको माग गरेका छन् ।

कुटाकुटका क्रममा सुनुवारसमेत घाइते भएकाले स्थानीय क्लिनिकमा उपचारपश्चात् इलाका प्रहरी कार्यालय खिजिफलाटेले नियन्त्रणमा लिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मुख्यमन्त्रीको राजीनामा

**पोखरा, बैशाख २६।** गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले राजीनामा दिएका छन् ।

गुरुङविरुद्ध प्रदेशसभामा पेश गरिएको अविश्वास प्रस्तावमाथि सोमबार मतदान गर्ने कार्यसूची थियो । आफ्ना पक्षमा बहुमत नपुग्ने देखेपछि गुरुङले राजीनामा दिएका हुन् ।

मुख्यमन्त्री गुरुङले दिएको राजीनामा प्रदेश प्रमुख सीताकुमारी पौडेलले स्वीकृत पनि गरिसकेकी छिन् । त्यसअघि आइतबार नै नेकपा एमाले प्रदेश संसदीय दलको बैठक बसेको थियो ।

# चट्याङले एक जनाको मृत्यु, दुई जना घाइते

**मोरङ, बैशाख २६।** पानीसहित परेको चट्याङ लागेर मोरङको छुट्टाछुट्टै स्थानमा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

आइतवार बिहान पौने ९ बजे रंगेली नगरपालिका-१ हाटखोलाका ३० बर्षीय प्रवीन माझीको चट्याङ लागेर मृत्यु भएको हो । उनी बारीमा काम गरिरहेको अवस्थामा चट्याङ लागेर गम्भीर घाइते भएका थिए । उनको रंगेली अस्पतालमा पुऱ्याउनासाथ मृत्यु भएको इलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ ।

त्यस्तै मोरङकै जहदा गाउँपालिका-६ पोखरिया का ४५ बर्षीय मुख्तर मिया अन्सारी र निजकै श्रीमती २६ बर्षीया जाननारा खातुनलाई आफ्नै घरमा बसिरहेको अवस्थामा चट्याङको झट्का लागेर घाइते भएका छन् ।

उनीहरुको कोशी अस्पताल बिराटनगरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# एकैदिन ४०२२ जना कोरोनामुक्त

**झापा, बैशाख २६।** नेपालमा आइतबार एकै दिन ८ हजार ८ सय ५० जना कोरोना भाइरसका संक्रमित थपिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १८ हजार ७ सय ८७ पीसीआर परीक्षणबाट ८ हजार ७ सय ७७ तथा ५ सय ६ एन्टिजेन परीक्षणबाट ७३ जना गरी परीक्षणको ४६ प्रतिशतमा संक्रमण भएको हो । थपिएकामा काठमााडौं उपत्यकाका मात्र ४ हजार १ सय ९८ जना हुन् ।

जसमा काठमाडौंका ३ हजार १ सय ६१, ललितपुरका ५ सय ३३ तथा भक्तपुरका ५ सय ४ जना छन् । आइतबार ४ हजार २२ जना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुने दर घटेर ७६ दशमलव ७ प्रतिशतमा झरेको छ ।

आइतबार ५२ जनाको मृत्यु भएको छ । मन्त्रालयले विभिन्न समयमा थप २६ जनाको पनि मृत्यु भएको भनी कूल मृतकमा थपेको छ । अहिलेसम्म कोरोनाबाट नेपालमा ३ हजार ७ सय १० जनाको मृत्यु भएको छ । ८ सय ३२ जना आइसीयूमा रहेकामध्ये २६७ भेन्टिलेटरमा छन् । हाल ८८ हजार १ सय ६० जना सक्रिय संक्रमित रहेका छन् ।

**नौ जनाको मृत्यु**

कोरोना सङ्क्रमणबाट दुई शिक्षण अस्पतालमा आइतवार बिहान चार र गएको १२ घण्टाको अवधिमा पाँच गरी नौजनाको मृत्यु भएको छ ।

सुनसरीको इटहरी उपमहानगरपालिका-४की ५४ वर्षीया सङ्क्रमित महिलाको मोरङको बूढीगङ्गास्थित विराट शिक्षण अस्पतालको कोभिड सेन्टरमा उपचारका क्रममा मृत्यु भएको छ । मृतकलाई कोभिड पुष्टि भएपछि यही वैशाख २४ गते उपचारका लागि भर्ना गरिएको अस्पतालका इञ्जार्च सुनिल देवले बताए ।

धरान उपमहानगरपालिका-१७ बस्ने ६६ वर्षीय सङ्क्रमित पुरुषको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचारका क्रममा आइतवार बिहान मृत्यु भएको अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिए । यसैगरी विराटनगर-१ त्रिवेणी चोक बस्ने ७६ वर्षीय सङ्क्रमित पुरुषको उपचारमा सोही अस्पतालमा मृत्यु भएको छ ।

यस्तै सिरहाको कल्याणपुर-४का ३८ वर्षीया सङ्क्रमित महिलाको सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । मृतकलाई यही वैशाख २५ गते उपचारका लागि भर्ना गरिएको प्रबन्धक दाहालले बताए ।

मेची नगरपालिका-६ झापाका ६० वर्षीय सङ्क्रमित पुरुषको उपचारका क्रममा शनिबार राति मृत्यु भएको थियो । निजलाई उपचारका लागि यही वैशाख २३ अस्पतालमा भर्ना गरिएको थियो ।

यस्तै मोरङको उर्लाबारी नगरपालिका-६ की ३९ वर्षीया सङ्क्रमित महिलाको उपचारका क्रममा सोही अस्पतालमा शनिबार राति मृत्यु भएको थियो । सप्तरीको बोदेवरसाइन नगरपालिका-१० बस्ने ३२ वर्षीय सङ्क्रमित पुरुषको उपचारका क्रममा सोही अस्पतालमा शनिबार बेलुकी मृत्यु भएको हो ।

मृतकलाई यही वैशाख २२ गते उपचारका लागि सोही अस्पतालमा भर्ना गरिएको प्रबन्धक दाहालले बताए । यस्तै धनुषाका ७७ वर्षीय वृद्धको उपचारका क्रममा शनिबार मृत्यु भएको छ । निजलाई यही वैशाख १७ गते उपचारका लागि भर्ना गरिएको प्रबन्धक दाहालले जानकारी दिए । सोही अस्पतालमा सप्तरीका ५३ वर्षीय एक पुरुषको उपचारका क्रममा शनिबार साँझ मृत्यु भएको छ । उनलाई यही वैशाख २४ गते उपचारका लागि अस्पतालमा भर्ना गरिएको थियो ।

**वीपी प्रतिष्ठानमा संक्रमितको संख्या बढ्दै**

वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा बिरामीको चाप बढेर गएको छ । आइतवार बिहानको तथ्याङ्क अनुसार प्रतिष्ठानमा ११४ बिरामी भर्ना भएका छन् । यो तथ्याङ्क यही वैशाख १ गते यताको हो ।

प्रतिष्ठानका सहप्रवक्ता डा. चूडामणि पोखरेलका अनुसार प्रतिष्ठानबाट हालसम्म कोरोना जितेर (पूर्ण रुपमा निका भएर) १२ जना घर फर्केका छन् । ६१ जना कोभिड अस्पतालमा उपचाररार्थ रहेका छन् । हालसम्म १८ जनाको ज्यान गएको सहप्रवक्ता पोखरेलले जानकारी दिए ।

एक सय शय्या क्षमता भएको प्रतिष्ठानमा निको भएर घर फर्कनेको सङ्ख्या पनि बढेर गएको छ । दश जना पूर्ण रुपमा निका भएर घर फर्केका छन् ।

# दुई सातादेखि घुन्साबस्ती सम्पर्कविहीन

**ताप्लेजुङ, बैशाख २६।** पर्यटकीय बस्ती ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ घुन्सामा दुई सातादेखि सम्पर्क विच्छेद भएको छ । टेलिफोन टावरमा प्राविधिक समस्या आएपछि सो गाउँ सम्पर्कविहीन बन्न पुगेको हो ।

टावरमा समस्या आएसँगै कुनै टेलिफोन तथा मोबाइलमार्फत सञ्चार हुन सकेको छैन । कोभिड-१९को सङ्क्रमण बढिरहेको समयमा आफन्तहरुसँग सम्पर्कमा रहनुपर्ने समयमा घुन्सा क्षेत्रका स्थानीयवासीले आफन्तसँग सम्पर्क बन्द भएको स्थानीयवासी मिङ्मा डण्डु शेर्पाले जानकारी दिए । समुद्र सतहदेखि तीन हजार ५०० मिटर उचाइमा अवस्थित बस्ती घुन्सा र फले क्षेत्रमा मोबाइल बन्द भएको हो । स्याटलाइट प्रविधिबाट घुन्सा क्षेत्रमा मोबाइल सेवा प्रदान गर्दै आएको दूरसञ्चार कार्यालय ताप्लेजुङका निमित्त कार्यालय प्रमुख वीरेन्द्र चेम्जोङले बताए ।

उनले भने- टावरमा समस्या आएको छ । केही आवश्यक उपकरण फेर्नु पर्दछ । त्यसका लागि आवश्यक सामग्री इलाम दूरसञ्चार कार्यालयबाट झिकाएको छ । आज फुङ्लिङमा आइपुग्छ । घुन्सा क्षेत्रमा अहिले कुनै सञ्चार हुन सक्दैन । नेपाल प्रहरीको सेटबाट घुन्सा प्रहरी चौकीमार्फत स्थानीयवासीलाई आवश्यक सामग्री लिन सदरमुकाम फुङ्लिङ आउन खबर गरेको चेम्जोङले बताए । सदरमुकाम फुङ्लिङबाट स्थानीयवासी आफैंले ढुवानी गरेर घुन्सासम्म पुऱ्याउनुपर्ने उनले बताए । सदरमुकाम फुङ्लिङदेखि घुन्सा पुग्न तीन दिन पैदल यात्रा गर्नु पर्दछ ।

ताप्लेजुङमा घुन्सा र ओलाङ्चुङ्गोला गरी दुईवटा स्याटलाइट प्रविधिबाट हिमाली बस्तीमा मोबाइल सेवा दिइरहेको जिल्ला दूरसञ्चार कार्यालयले जनाएको छ । ताप्लेजुङको विभिन्न स्थानमा २३ वटा मोबाइल टावरले सेवा दिँदै आएको कार्यालयको तथ्याङ्कमा छ ।

**प्रेस विज्ञप्ति**

मिति: २०७८।०१।२६

*आदरणीय औषधि व्यवसायी साथीहरु ,*

कोरोना भाइरस (Covid 19) महामारीमा पूरै विश्व र नेपाल पनि आक्रान्त रहेको यो परिस्थितिमा हामी कति पनि विचलित नभई अग्रभागमा सेवारत रहेको कुरा छर्लङ्ग रहेको छ । यस्तो विषम परिस्थितिमा सेवाग्राहीलाई सहयोग र सल्लाह दिनु हाम्रो पेशागत दायित्व पनि हो ।

औषधिकर्मीहरु सेवाको क्षेत्रमा रहँदै गर्दा कतिजनाले आफ्नो ज्यान गुमाएका छन् । आफ्नो ज्यान उत्सर्ग गर्ने सम्पूर्ण व्यवसायीप्रति नेपाल औषधि व्यवसायी संघ झापा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछ ।

परिस्थितिले निर्माण गरेको यो बियोगान्त क्षणमा सम्पूर्ण औषधि व्यवसायीलाई सावधानीका सबै उपाय अबलम्बन गरी आफू र हाम्रो समाजलाई क्षति हुनबाट रोक्न खेल्नु पर्ने भूमिकालाई आफ्नो कर्तव्य सम्झिएर मर्यादामा रहन हार्दिक अपिल गर्दछौं । केही अव्यवसायिक तत्वहरुले हाम्रो व्यवसायिक छविलाई धुमिल बनाउनका लागि गरेको गैरव्यवसायिक कार्य तथा कालाबजारी, मिसावट, नाफाखोरी जस्ता अवाञ्छित कार्यहरुप्रति संघको घोर आपत्ति छ ।

यसलाई औषधि व्यवसायी संघ जिल्ला शाखा झापाले गम्भीर रुपमा लिएको छ र, यस्ता अव्यवहारिक कार्य गर्नेलाई प्रशासनले कडाभन्दा कडा कार्वाही गरोस् भनी जोडदार माग गर्दछ । कसैले संघको नाम बदनाम गर्न खोज्छ भने संघले त्यसको कडा प्रतिवाद गर्ने पनि यसै विज्ञप्तिद्वारा सबै महानुभावहरुमा जानकारी गराउँदछौं ।

जीवनकुमार खड्का, महासचिव
गौतम गुप्ता, अध्यक्ष

नेपाल औषधि व्यवसायी संघ
झापा जिल्ला शाखा कार्यालय, दमक(झापा)

**अब ...**

ल्याएरलगाइदिए । त्यसपछि श्रीमानलाई केही सन्चो महशुस भयो । 'अक्सिजन नहुनु, अक्सिजन लगाउने मान्छे नहुनु, चिकित्सक तथा नर्स नआउनु यस्तो पीडा मैले कहिले जीवनमा भोगेकी थिइनँ'- उनले भनिन् ।

बेलुका ७ बजेदेखि दिउँसो १२ बजेसम्म श्रीमानलाई हेर्न समेत कोही नआएको बताउँदै उनले भनिन्- 'यस्तो हरिबजोक र हेलचेक्र्याइँबीच कसरी सङ्क्रमितको उपचार भइरहेको छ, म आफैं छक्क परिरहेको छु । यो भन्दा राम्रो त घरमै सङ्क्रमितको उपचार गराउनु ठीक हो ।' 'मेरो जस्तो पीडा अरू कसैले पनि यहाँ आएर भोग्नु नपरोस्'- उनले थपिन् । खानाको पनि व्यवस्था रहेनछ, घरबाट छोरालाई खाना मगाइरहेकी छु । संक्रमित श्रीमानलाई आफैंले हेरचाह गरिरहेको उनको भनाइ छ । चिकित्सकलाई फोन गर्दा उल्टै हप्काउने गरेको उनले बताइन् ।

त्यस्तै मेचीनगर नगरपालिका-२ का एक संक्रमित महिलाको पनि व्यथा त्यस्तै छ । उनको हेरचाहका लागि उपचार केन्द्रमा कोही नभइदिएपछि उनकै १० बर्षीय छोराले अहिले आमाको हेरचाह गरिरहेका छन् । 'सात दिन भइसक्यो आमाको हेरचाह म आफैंले गरिरहेको छु'- बालकले भने- चिकित्सक कहिले आउँछ, कहिले जान्छ थाह पनि हुँदैन । यहाँ अक्सिजनको पनि समस्या छ । धन्न मैले अक्सिजन लगाउन र खोल्न जानेको छु, त्यही भएर त्यहाँ बसेका अन्य सङ्क्रमितलाई पनि सहज भइरहेको छ- उनले भने ।

मेची कोभिड उपचार केन्द्रमा ७५ शय्या र २५ वटा अक्सिजन सिलिन्डर रहेको अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले बताए । ७५ शय्यामा हाल ६१ जना कोभिडका बिरामी रहेको उनले जानकारी दिए । 'केन्द्रमा रहेका बिरामीको उपचारमा एक जना मेडिकल अफिसर खटाइएको छ'- उनले भने- 'त्यो पनि बिहान र बेलुका र आवश्यकता परेमा मात्र जान्छन् ।' नर्सको अभाव रहेकोले उपचार केन्द्रमा चाहिने अनुसारको नर्स खटाउन नसकिएको उनको भनाइ छ ।

**१३३ वटा ...**

रिफिल गर्नको लागि कपुरी ट्रेडर्सलाई १२१ वटा र मातृ ट्रेडर्सलाई १२ वटा जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

सो सिलिण्डरहरु प्रहरी कार्यालयहरुले आ-आफ्नो एरियामा पर्ने ग्यारेजहरु सगुन ग्यारेज, तुलसी ग्यारेज, हस्लेन चेक ग्यारेज, पाथिभरा ग्यारेज, स्माल ग्यारेज, ओम साई अटो ग्यारेज, राजिब ग्यारेजसँग समन्वय गरी जम्मा गरिएको साथै उक्त सिलिण्डरहरु रिफिल गरी आवश्यकता अनुसार कोभिड अस्पतालहरुलाई आपूर्ति गर्ने व्यवस्था मिलाउने समेत सो कार्यालयले जनाएको छ ।

**बेहुला ...**

संखुवासभामा अहिले एक सयभन्दा बढी कोरोना संक्रमित रहेका छन् ।

संक्रमण बढ्दो रुपमा भए पनि विवाह, पुराण, पूजालगायतका धार्मिक कार्य अझै रोकिएको छैन । भीडभाडमा स्वास्थ्य मापदण्ड नअपनाउँदा जिल्लामा संक्रमण बढेको स्वास्थ्यकर्मीहरुले बताएका छन् ।

संक्रमण बढेसँगै जिल्ला प्रशासन कार्यालय संखुवासभाले आइतवार रातिदेखि जेठ २ गतेसम्मका लागि निषेधाज्ञा जारी गरेको छ । संक्रमण ऐन, २०२०को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) अनुसार जिल्लाभर लागू हुने निषेधाज्ञा जारी गरिएको हो ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## आवश्यकताको पहिचान होस् !

**नेपालीले इतिहासमै पहिलोपटक असहाय महशुस गरेका छन् अहिले। कोरोनाको कहरमा सरकारले संरक्षकत्व ग्रहण गर्न नसक्दा अकालमै जीवन गुमाउनु परिरहेको सन्दर्भले अनाथ भएको अनुभूत गर्नु स्वभाबिक पनि हो । विगत एक वर्षदेखि जारी यो त्रासदीलाई सरकारले गम्भीर ढङ्गले नलिँदा समस्या विकराल बनिएको छ । भाइरस सङ्क्रमण दर तीव्र गतिले उकालो दौडिएसँगै मृत्युदर पनि बढ्दो छ। सारा शक्ति उपयोग गरेर देशबासीको जीवन रक्षा गर्ने मुख्य दायित्वबाट च्युत हुँदा सरकारको चौतर्फी आलोचना भएको छ तर, ऊ केवल सत्ता रक्षा मै केन्द्रीत छ । यसबीच प्राप्त चुनौतिलाई अवसरमा रूपान्तरण गर्न नसकेको सरकारले विज्ञहरूको सुझावलाई वेवास्ता गरेर गम्भीर भूल गरिसकेको छ।**

**जनताको जीवनधनको रक्षा गर्नु सरकारको नैतिक कर्तव्य हो । कर्तव्यबोध नगर्दा आज जटिलता समाधान गर्नै नसक्ने अबस्थामा पुगेको छ । शहरी क्षेत्रमात्र होइन राजधानीमै पनि कोरोना पीडितहरूको आर्तनाद अरण्यरोदन बन्न थालेको छ। अस्पतालका शय्याहरू बिरामीले भरिएका छन्, नयाँ र गम्भीर प्रकृतिका बिरामीले शय्या नभएर छट्पटिनु परेको अबस्था सरकारको प्राथमिकतामा परेको छैन । यस्तोबेला सरकार प्रमुख भने सवैधानिक परिषद्, नियुक्ति र बिश्वासको मत जस्ता जनतासँग सरोकार नभएका विषयमा अलमलिएका छन् । कुर्सीको सुनिश्चितता मुख्य एजेण्डा बनाएको सरकारले सुझाव, सल्लाह र आलोचनालाई सङ्कट मोचनका रूपमा लिन नसक्दा समस्या झनै जटिल बन्दै गएको छ ।**

**कुनै भूगोल एक्लैले देश बन्दैन । अनि भूगोलबिनाको जनताले मात्रैले पनि देश हुँदैन । अर्थात् देश हुन भूगोल र जनता दुवै अनिवार्य हुन्छ । देशबिना जनताको अस्तित्व रहँदैन र सरकार तिनै जनताद्वारा निर्वाचित उनका प्रतिनिधि संस्था मात्रै हो । त्यसैले जनप्रतिनिधिलाई सेवक भनिन्छ र उसले आफूलाई बिर्सिएर जनसेवालाई एक मात्र अभीष्ट ठान्नु पर्छ । त्यही कारण जनसेवक ठान्ने कतिपयले आफ्ना मालिकरूपका जनताको सेवामा आफूलाई समर्पित गरेका छन् । तर, धेरैले भने आफूलाई नै मालिक ठानेर परिस्थितिलाई झन् जटिलतातर्फ उन्मुख गराएका छन् । वडा होस् वा पालिका अथवा प्रदेश प्रतिनिधि, सांसद हुन् वा मन्त्री अथवा सरकार वा राष्ट्र प्रमुख सबै जनसेवक हुन् । यसकारण उनीहरू सबैको लक्ष्य जनसेवा नै हुनुपर्छ ।**

**महामारीबाट जनतालाई जोगाउनु अहिलेको प्रथम आवश्यकता हो । स्वास्थ्य सेवा बिस्तार गरेर, आवश्यक सामग्री र उपकरणको आपूर्ति गरेर अकाल मृत्युबाट जोगाउन सबै सरकारको मूल ध्येय हुनुपर्छ । यो सँगै चिकित्सक, स्वास्थ्यकर्मीहरू र कोरोनाबिरूद्धको लडाइँमा लामबद्ध सबैको हौसला र ऊर्जालाई सम्मान गर्ने अभिभाबक चाहिएको छ । व्यक्तिगत स्वार्थ त्यागेर समूह र देश सेवामा समर्पित विविध क्षेत्र, तह र वर्गका योद्धाहरूसककग हातेमालो गर्ने नेतृत्व मागेको यो बेला दलीय स्वार्थभन्दा पनि माथि उठ्नु पर्नेछ । अन्यथा बिश्वास–अबिश्वासको खेलले इतिहास नै मेटाउन सक्छ हेक्का राखियोस् ।**

# शिक्षालाई श्रमसँग जोडौं



तीर्थराज खरेल

नेपाल-अंग्रेज युद्धपछि भएको सुगौली सन्धिपछि नेपालमा अस्तव्यस्तता र अनिश्चितता शुरु भएको हो र त्यो अहिले पनि कुनै न कुनै रुपमा जारी छ। १०४ वर्षे निरंकुश राणाशासनको अन्त्यपछि मात्र हाम्रो देश आधुनिक युगमा प्रवेश गरेको हो। २००७ सालदेखि २०१५ सालसम्म राजनीतिक दलहरुबीचको आपसी कलह र देशलाई प्रतिगमन र अधोगतितिर धकेल्ने शाही दरबारको कुत्सित षड्यन्त्रपूर्ण गतिविधिका कारण देश आधुनिकीकरणको दिशामा अघि बढ्न सकेन।

त्यो अवधिमा शिक्षा क्षेत्रमा खासै परिवर्तन हुन सकेन। २०१६ सालमा बीपी कोइरालाको नेतृत्वमा संसदको दुईतिहाइ समर्थनसहित प्रथम जननिर्वाचित सरकार बनेपछि जनतामा ठूलो आशा पलाएको थियो। तर, त्यो सरकारले शिक्षाको बारेमा सोच्नै नपाई र योजना बनाउनै नपाई राजाको फौजी शासनको बुटमुनि थिल्थियो। त्यसपछिका शिक्षामा ल्याइएका योजना र परियोजनाहरु पञ्चायती व्यवस्थालाई मलजल गर्ने उद्देश्यमा केन्द्रित रहेकाले आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्न सकेनन्।

२०३६ सालको विद्यार्थी आन्दोलनको धक्का र २०४६ सालको जनान्दोलनका कारण बहुदलीय व्यवस्था पुनःस्थापित हुनसक्यो। बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको दुई खम्बीय आधारमा उभिएको संसदीय व्यवस्थाले शिक्षालाई विपन्न, सर्वसाधारण नेपाली जनताको हितानुकूल बनाउन सकेन। त्यसपछिका सरकारहरु सरकार बनाउने र गिराउने खेलमा बढी केन्द्रित रहे र तिनीहरुले मुलुक परिवर्तनको मुख्य आधारको रुपमा शिक्षा क्षेत्रलाई विकास गर्नुपर्छ भन्ने कुरालाई स्वीकार्न हिच्किचाए। सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक लगायत सबै क्षेत्रका असन्तुष्टि, अपूर्णता र अन्तरविरोधहरुको परिणाम स्वरुप नेपालमा पटक-पटक विद्रोह, संघर्ष र आन्दोलनहरु भएका छन्। ती सबै जनताको आन्दोलनको कारण नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। राजनीतिक क्षेत्रमा यति ठूलो परिवर्तन देशमा आएको छ तर शिक्षा क्षेत्रमा तात्त्विक कुनै बद्लाव आएको छैन। प्रजातान्त्रिक समाजवाद, जनताको बहुदलीय जनवाद, सामाजिक जनवाद र एक्काइसौं शताब्दिको जनवाद लगायतका विभिन्न दलहरुले लिएका सिद्धान्त र विचार व्यवहारमा शिक्षा क्षेत्रमा कहाँ देखिएको छ ? शिक्षा क्षेत्रमा समयसापेक्ष परिवर्तन नगर्ने हो भने स्वर्णिम नेपालको सपना फगत सपना मात्र हुनेछ।

शिक्षासम्बन्धी हाम्रो पुरानै दृष्टिकोण छ । शिक्षा भनेको औपचारिक डिग्री प्राप्त गर्ने मात्र नभई उच्च चेतनाको विकास गरी श्रमको सम्मान गर्ने नागरिक तयार गर्ने आधार हो । उत्पादनका काममा जोडिने र सामूहिक भावनाको विकास गरी समाज र देशका लागि आफ्नो जीवन लगाई आफ्नो भविष्य पनि त्यसैमा देख्ने सक्षम जनशक्ति निर्माण गर्ने शिक्षाको मूल उद्देश्य हो। नेपालको संविधान, २०७२ मा प्रत्येक समुदायले कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने, आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न पाउने हकको स्पष्ट व्यवस्था गरिएको छ। हामी एक्काइसौं शताब्दीको अति आधुनिक युगमा बाँचिरहेका छौं तर युगको हाँकलाई सामना गर्न सक्ने र विश्वमा भएका परिवर्तनलाई आत्मसात गर्ने गरी हाम्रो शिक्षानीतिमा परिवर्तन हुन सकेको छैन। नयाँ युगका चुनौतिसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोऱ्याउन सक्ने सुयोग्य नागरिक उत्पादन गर्ने शिक्षा नीति आजको खाँचो हो। उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरिक तयार गर्ने उद्देश्यका साथ शिक्षानीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ। शिक्षानीतिमा नेपाल सुहाउँदो वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीतिनिर्माता र राजनैतिक तथा शैक्षिक नेतृत्वले सरोकारवाला सबैसँग गरिने घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट निर्क्यौल गरिने विषय हो। साँचो रुपमा भन्ने हो भने नेपालमा शिक्षाक्षेत्रमा क्रान्ति आवश्यक छ भन्ने सच्चाइलाई कसैले पनि आत्मसात गरेको छैन र हरेक शासकहरु समय बिताउने र झारा टार्ने गर्दै आफ्नो कार्यकाल पूरा गर्दै आएका छन्।



आजको शताब्दिका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षानीति निर्माण गर्न आवश्यक छ। यसका लागि हामी प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ र रुढीवाद, अन्धविश्वास र कुरीतिकाबिरुद्ध उभिएर सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ। आजको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र बिद्यार्थी दुवै आम जनसमुदायसँग जोडिने र पाठ्यक्रम निर्माणमा समेत शिक्षक, बिद्यार्थी र अभिभावक वीचको त्रिपक्षीय संयोजनकारी भूमिका हुनुपर्छ। शिक्षामा गरिएको क्रान्तिले मात्र मुलुकलाई साँचो अर्थमा लोकतान्त्रिकीकरण र आधुनिकीकरण गर्छ। यो अभिभारा पूरा गर्ने गरी शिक्षानीतिमा परिवर्तन आवश्यक छ। गुरुको स्थानमाथि हुनुपर्छ र गुरु पनि माथिल्लो आसनमै बस्नुपर्छ। शिक्षण पेशा मर्यादित हुनुपर्छ। सिक्ने र सिकाउने सबालमा विकसित नवीनतम विधि, नियम र तकनिकीहरुलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको हाम्रो आवश्यकता हो। शिक्षकले पनि आफूलाई युग अनुरुप बदल्न सक्नुपर्छ। आफूलाई बदल्न नसक्ने शिक्षकले सेवाबाट अवकाश लिएर नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ।

श्रमप्रति अनास्था प्रकट गर्ने शिक्षाले मुलुकमा शान्ति, विकास र प्रगति ल्याउन सक्दैन। मानवीय मूल्यमान्यतालाई दुत्कार्ने र जनता-जनता वीचमा फुट र झैझगडाको वीजारोपण गर्ने सामन्तवादी शिक्षाको अब अन्त्य आवश्यक छ। देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको उद्देश्यका साथ विश्वव्यापी रुपमा मान्यता दिइएका आधारभूत मानवअधिकार, बहुदलीय प्रतिष्पर्धात्मक लोकतान्त्रिक राज्यप्रणाली, जनतामा निहीत सार्वभौमसत्ता र जनताको अभिमतको सर्वोच्चता तथा पूर्ण प्रेस स्वतन्त्रता लगायतलाई समावेश गरी नेपालको संविधान २०७२ जारी भए पश्चात राजनीतिक रुपमा नेपालले फड्को मारेको मान्न सकिन्छ। वर्गीय, जातीय, भाषिक, लैङ्गिक, धार्मिक, सांस्कृतिक तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने महान उद्देश्यका साथ महिला, दलित, आदिवासी-जनजाति, मधेसी, उपेक्षित, उत्पीडित, अल्पसंख्यक र विकासको मूलधारबाट सिमान्तीकरण गरी वञ्चितिमा पारिएका क्षेत्र तथा

> श्रमप्रति आस्था जगाउन सक्ने र भावी पुस्तालाई आफ्ना पूर्वजका असल कामलाई अनुशरण गर्ने र आउँदो समयका चुनौतिलाई स्वीकारेर अघि बढ्न बाटो देखाउने शिक्षा आजको आवश्यकता हो। स्वाभिमानी शिर ठड्याएर गौरवका साथ अघि बढ्न शिक्षाले प्रेरित गर्नुपर्छ। मेहनत गर्ने सिकाउने शिक्षा चाहिएको हो।

तहतप्काका समस्याहरुलाई हल गर्न राज्यको केन्द्रीकृत एकात्मक संरचनालाई भत्काएर राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने बाटोतर्फ मुलुक अग्रसर छ तर यी सम्पूर्ण लक्ष्यहरु प्राप्तिका लागि शिक्षा क्षेत्रमा के, कहिले,कस्तो र कसरी बदलाव ल्याउने हो भन्ने सम्बन्धमा कसैले चिन्ता गरेको छैन। राष्ट्रका समस्या साँचो अर्थमा शिक्षा क्षेत्रसँग जोडिएका हुन्छन्।

राष्ट्रका समस्या हल गर्न शिक्षा क्षेत्रलाई बलियो आधार बनाउनुपर्छ। मुलुकमा धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकता, संघीयता आदिको संरक्षण र सम्बर्द्धन गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था अपरिहार्य आवश्यकता हो। शिक्षा क्षेत्रले शहीदको रगतले आएको परिवर्तनलाई आत्मसात गर्दै युगानुकूल अघि बढ्न आवश्यक छ। शिक्षा क्षेत्रमा अग्रगमन आवश्यक छ। शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन कस्तो हुने र अर्थनीति, फौजीनीति, राजनीति आदिसँग शिक्षानीतिको कस्तो सम्बन्ध हुने र त्यसले मुलुकको आमूल परिवर्तन कसरी गर्ने भन्ने स्पष्ट हुनु जरुरी छ। शिक्षामा गणतन्त्रात्मकता मुखरित हुनुपर्छ। सर्वसाधारण जनताको सन्तान पनि राष्ट्रको सर्वोच्च पद राष्ट्रपति पनि हुनसक्छ। सबै धर्म समान छन् र सबै धर्मावलम्बीहरुले निर्वाध आफ्नो धर्म मान्न पाउनुपर्छ। शिक्षा क्षेत्रले हरेक नागरिकमा धार्मिक सहिष्णुता उमार्न सक्नुपर्छ।

आजको शिक्षा व्यवहारसँग गाँसिएको हुनुपर्छ। श्रमप्रति आस्था जगाउन सक्ने र भावी पुस्तालाई आफ्ना पूर्वजका असल कामलाई अनुशरण गर्ने र आउँदो समयका चुनौतिलाई स्वीकारेर अघि बढ्न बाटो देखाउने शिक्षा आजको आवश्यकता हो। स्वाभिमानी शिर ठड्याएर गौरवका साथ अघि बढ्न शिक्षाले प्रेरित गर्नुपर्छ। मेहनत गर्ने सिकाउने शिक्षा चाहिएको हो। आजको शिक्षाले हरेक नेपालीमा भविष्यप्रतिको आशा र देशको सर्वोच्च पदमा समेत पुग्नसक्ने अधिकार र संभावना अन्तरनिहीत रहेको महसुस गराउन सक्नुपर्छ। श्रम र सीपप्रति सम्मान भव जागृत गराउने शिक्षाले मात्र युगीन माग र आवश्यकतालाई सम्बोधन गर्न सक्छ।

tirthakharel2028@gmail.com

# उदासिन नागरिक चेतना



झलक शर्मा

कोरोना महामारी नियन्त्रणसँग जोडिएको एउटा विषय हो- नागरिक चेतना। नागरिकले विश्व स्वास्थ्य सङ्गठन तथा सरकारले तोकेको स्वास्थ्य मापदण्ड सहज रूपमा पालना गर्छन् भने कोरोना सङ्क्रमण कम हुँदै जानेमा विश्वास गर्न सकिन्छ। तर, हामीमा नागरिक सचेतनाको अभाव भएको देखिन्छ।

सङ्क्रमण विस्तारको यो समयमा सरकारले भीडभाड नगर्न, समूहमा सहभागी नहुन, मास्कको अनिवार्य प्रयोग गर्न निर्देश गरे पनि सरकारलाई नसुन्ने, नटेर्ने तथा स्वास्थ्य मापदण्ड उल्लङ्घन गर्न अग्रसर रहने बानी हामीमा अद्यापि देखिन्छ। म हृष्टपुष्ट छु, मलाई केही हुँदैन, खतरा हुने भनेको बूढाबूढी, दीर्घरोगीलाई हो भन्ने मानसिकताले अझै जरो गाडेर बसेको पाइन्छ। आफ्नो नजिकको मान्छे वा चिनेको मानिससँग भेट्दा कोरोना सर्दैन तर नयाँ अपरिचित व्यक्तिसँग भने कोरोना सर्न सक्छ भन्ने मानसिकता पाइन्छ। कुनै बहाना बनाएर प्रहरीको आँखामा छारो हाली विनाकाम डुल्ने प्रवृत्ति धेरै मानिसमा छ। भोजभतेरमा धेरैभन्दा धेरै मानिसलाई आमन्त्रण गर्ने परिपाटी यथावत् छ। लकडाउनको अवधिमा विभिन्न बहाना बनाएर तथा कर्मचारीलाई फकाएर पास बनाई डुल्ने, साथीभाइ, इष्टमित्रलाई भेट्ने प्रवृत्ति अघिल्लो लकडाउनमा देखिएको थियो, अहिले पनि उस्तै छ। अर्थात् स्वास्थ्य चेतनाप्रति उदासिनता कायम छ।

यस्ता व्यवहार नागरिकमा देखिने गैरजिम्मेवारीपन हुन्। यो स्वास्थ्यप्रतिको खेलवाड हो। सरकारले नागरिकको जीवन र स्वास्थ्यको रक्षाका लागि अघि सारेको लकडाउन हामी सबैको जीवन रक्षाका लागि हो। लकडाउनको परिपालना गरी सरकारलाई साथ दिनुपर्छ भन्ने ज्ञानको अभाव नै छ। सङ्कटको बेला आफू पनि सुरक्षित रही समुदायलाई सुरक्षित बनाउने अभिभारा सबै नागरिकको हो। नेपालको वर्तमान संविधानको धारा ४८मा नागरिकको कर्तव्यमा राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु भनी उल्लेख छ। यही कर्तव्यलाई आधार मानेर नागरिकले सरकारसँग मिलेर कोरोना महामारीलाई नियन्त्रणमा सघाउ पुऱ्याउन जरुरी छ।

केही महिनाअघि कोरोना कहरकै बीचमा राजनीतिक पार्टीहरूले आमसभा गरे। पार्टीका नेता तथा कार्यकर्ताहरू स्वास्थ्य मापदण्ड पालना नगरी आमसभामा उपस्थित भए, त्यतिबेला कोरोना सङ्क्रमण अहिलेको जस्तो तीव्र रूपमा फैलिएको भए त्यसैबेला अहिलेको जस्तो गम्भीर अवस्थामा पुग्ने निश्चित थियो।


तर, कोरोना सङ्क्रमणको दर घट्यो भन्दैमा हामीले स्वास्थ्य मापदण्ड पालनामा हेलचेक्र्याइँ गरियो। सीमानाकामा सजगता र परीक्षण तथा व्यवस्थापनमा लत्तो छाडियो। परिणाम अहिले भोगिँदै छ। कोरोना नियन्त्रणका लागि गरिएको अघिल्लो लकडाउनबाट नै आमजनसमुदाय आक्रान्त थियो। जनताको एउटा बोली थियो- रोगले भन्दा भोकले मरिने भइयो। लकडाउन लम्बिनु, रोजगारी गुम्नु, व्यवसाय टाट पल्टनु, महँगी बढ्दै जानुले नागरिकमा मानसिक तनाव बढ्दै गएको थियो। यो वर्षको लकडाउनले पनि जीवनयापन उही पहिल्यैकै जस्तो असहज स्थितिमा पुग्ने हो कि भन्ने आमनागरिकको चिन्ता छ। यस्तै चिन्ता तथा डरले नागरिकबाट लकडाउन उल्लंघन हुने, स्वास्थ्य मापदण्ड पालना नगर्ने जस्ता क्रियाकलाप हुन सक्छन्। अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घले कोरोना महामारीका कारण सन् २०२१ मा स्वदेश र विदेशमा गरेर सात/आठ लाख नेपालीको प्रत्यक्ष रोजगारी गुम्ने अवस्था आउने प्रक्षेपण गरेको छ।

तसर्थ, सरकारले यस्तो बेला गरीब, मजदुर, रोजीरोटी गुमेकालाई उपयुक्त हिसाबले समन्यायिक तरिका अपनाएर राहत वितरण गरी सहज वातावरण निर्माण गर्न सक्नुपर्छ। सङ्क्रमित व्यक्तिलाई उचित तवरबाट स्वास्थ्य सेवा, सुविधा उपलब्ध गराई आफ्नो संरक्षक नै सरकार हो भन्ने भावनाको विकास गराउन सक्नुपर्ने देखिन्छ। रोजगारी गुमाएकालाई रोजगारी पुनर्स्थापना गराउने, व्यापारिक गतिविधिमा विभिन्न कर छुट तथा परामर्श दिने, विभिन्न तालिम दिएर जनतामा बढ्दै गएको तनावलाई व्यवस्थापन गर्ने दायित्व राज्यको देखिन्छ। कोरोना कहरबीच सरकारले अत्यावश्यक सेवा सहज रूपमा उपलब्ध गराउनुपर्छ। जनतालाई राज्यद्वारा प्रदान गरिने सार्वजनिक सेवा सरल, सहज र गुणस्तरीय हुनुपर्छ। घर-घरमा सिंहदरबार भन्ने नारालाई कार्यान्वयन गर्ने समय पनि यही बेला हो। विद्युतीय सेवालाई विकास तथा विस्तार गर्ने आवश्यकता पनि दिनानुदिन बढ्दै छ। त्यसैले सरकारले नागरिकलाई प्रविधिको शिक्षा र साक्षरता बढाउनुपर्ने टड्कारो आवश्यकता पनि महसुस भइरहेको छ।

कोरोना सङ्क्रमणको नियन्त्रण तथा रोकथाममा नेपालका राजनीतिक दलहरूको प्रतिबद्धता अभाव रहेका विभिन्न सभा, भेला आदिले पुष्टि गरेकै छन्। दलहरूको प्रतिबद्धता वक्तव्यमा होइन, परिचालनबाट पुष्टि हुनुपर्छ। उच्च राजनीतिक प्रतिबद्धतासहित आफ्ना गतिविधिलाई स्वास्थ्य मापदण्ड परिपालना गर्दै आमनागरिकमा कोरोना सङ्क्रमणबाट बच्न, सुरक्षित रहन र मनोबल बढाउन, समस्या समाधान गर्न सहयोगी भूमिका निर्वाह गर्नुपर्छ। यस्तो महामारी सङ्कटको सामना गर्न र सङ्कट व्यवस्थापनमा आफ्ना कार्यकर्तालाई स्थानीय सरकारसँग समन्वयकारी भूमिका निर्वाह गर्न निर्देशन दिनुपर्छ।

कोरोना महामारीलाई नियन्त्रण गर्न तथा नागरिक चेतना फैलाउन 'नागरिक समाज'को भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। नागरिक समाजले राजनीतिक गतिविधिलाई बढी प्राथमिकता दिने र खाद्य नागरिकका गतिविधिमा कम ध्यान दिने आरोपको अन्त्य गर्नमा पनि यतिबेला नागरिक समाजको भूमिका सक्रिय रूपमा देखिनुपर्ने आवश्यकता छ। कोरोना सङ्क्रमण नियन्त्रण तथा रोकथाम गर्न सरकार एक्लैले मात्र गर्न सक्तैन। त्यसका लागि सरकार, राजनीतिक दलहरू, सञ्चारमाध्यम, संघ-संस्था, नागरिक समाज तथा आमनागरिकको प्रभावकारी समन्वय र गतिविधिले मात्र कोरोना महामारीलाई नियन्त्रण गर्न सकिन्छ। तसर्थ, सबै पक्षले कोरोना भाइरसबाट सुरक्षित रहन नागरिकमा चेतनाको स्तर बढाउन लागेमा महामारीको सामाना गर्न सकिनेछ।

*(लेखक शिक्षण पेसामा हुनुहुन्छ।)*



# लैङ्गिक हिंसा: महामारीमा पनि घटेन

**काठमाडौँ, वैशाख २६।** मुलुक कोरोना भाइरस सङ्क्रमणको जोमिखमा परिरहेका बेला पनि लैङ्गिक हिंसाका घटनाहरुमा कमी आउन सकेको छैन। हाल देशमा बढ्दो रुपमा रहेको कोरोना महामारीका बीच पनि यस्ता घटनाहरु सार्वजनिक भइरहेका सुनिएको छ।

धनुषामा गत शुक्रबार सुशीलादेवी मण्डलले आफ्ना पति शम्भु मण्डलको हत्या गरिन्। धनुषाको हंसपुर नगरपालिका-६ टिल्हीकीमा २७ वर्षीय सुशीलाले आफ्ना देवरसँग मिलेर पतिको हत्या गरेको रहस्य पछि खुल्न आयो।

प्रहरीसमक्ष उनले देवरहरु सञ्जय र अनिससँग मिलेर पतिको हत्या गरेको स्वीकार गरेकी छिन्। दुई देवरसँग अनैतिक सम्बन्ध भएको शम्भुले थाहा पाएपछि मिलेर हत्या गरेको खुल्न आएको छ। उनीहरुले शुक्रबार राति २ बजे तीन जना मिलेर घरमै शम्भुकै मोबाइलका तीनवटा चार्जरको तारले घाँटी कसेर र छुराले रेटेर हत्या गरेको प्रहरीसँग बयान दिएका छन्।

लैङ्गिक हिंसाका घटनाहरु दैनिकजसो समाजमा बढिरहेका छन्। कोरोना भाइरसको जोखिमका कारणले काठमाडौँ उपत्यकासहित देशका विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरेको छ। महामारीको अवस्थामा पनि यस्ता घटना रोकिएको देखिँदैन।

कोरोना भाइरसको जोखिमबाट बचाउनका लागि सरकारले गरेको बन्दाबन्दीकै अवस्थामा गत वर्ष क्वारेन्टिमकै एक महिलामाथि सामूहिक बलात्कार भयो। कैलालीको लम्कीचुहास्थित क्वारेन्टिनमा ती महिलाले हारगुहार गर्दा क्वारेन्टिननजिकै घर भएका सर्वसाधारणले थाहा पाएपछि घटना बाहिर आएको थियो। महामारीबाट ज्यान बचाउनका लागि बनाएको क्वारेन्टिनमा बसेकी महिला त्यहीँ सुरक्षित रहन सकिनन्।

कोरानाको महामारी फैलिन लागेकै अवस्थामा गत फागुनमा झापा भद्रपुरमा ६० वर्षीय साहिबा उराउले ५७ वर्षीया पत्नी फुलसिता उराउको मदिरा सेवन गरी हत्या गरे। दुवैले मदिरा सेवन गरेको र आपसमा विवाद भएपछि पतिले पत्नीलाई ढुंगा प्रहारी गरी हत्या गरेका थिए।

महामारीका समयमा पनि हिंसा, हत्याका घटनाहरु एकपछि अर्को गर्दै धरै घटना सार्वजनिक भइरहेका छन्। आर्थिक वर्ष २०७७/०७८को चैत महिनामा महिला तथा बालबालिकाविरुद्ध भएका अपराधको तथ्याङ्क हेर्दा कूल एकहजार ९२७ घटना भएको नेपाल प्रहरीको प्रतिवेदनमा देखिन्छ। त्यसमध्ये सबैभन्दा बढी घरेलु हिंसाका एकहजार ४६७ घटना भएको छ। त्यसमा पनि सबैभन्दा बढी प्रदेश नम्बर २ मा ४२५ घटना भएको छ भने सबैभन्दा कम प्रदेश नम्बर १मा ४७ देखिन्छ। केही बढी र कम भन्ने मात्रै सबै प्रदेशमा घरेलु हिंसाका घटना भएको देखिन्छ।

घरेलु हिंसापछि जबरजस्ती करणीका घटना धेरै भएको देखिन्छ। चैत महिनामा मात्र यस्ता घटना २४४ भएका छन्। त्यसमा सबैभन्दा बढी प्रदेश नम्बर १मा ५३ वटा घटना भएका छन्। सबैभन्दा कम प्रदेश नम्बर ६ मा १२ वटा मात्र घटना भएका छन्। तेस्रोमा हेर्दा बहुविवाहका घटना ८९ देखिन्छन्। प्रदेश नम्बर १ मा सबैभन्दा बढी १७ वटा बहुविवाहका घटनाको उजुरी आएको देखिन्छ भने सबैभन्दा कम उपत्यकामा ५ ओटा देखिएको छ। त्यस्तै जबरजस्ती करणी उद्योगमा ६२ घटना, बालयौन दुराचारमा ३३, बोक्सीको आरोपमा ७, बालबिवाह ६, अवैध गर्भपतन ५ तथ्याङ्क छ।

महामारीको समयमा यस्तै हिंसाका घटना बढ्दै गएपछि प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिले निषेधाज्ञाका क्रममा महिला, बालबालिका तथा जेष्ठ नागरिकमाथि हुने हिंसा न्यूनीकरणका लागि समयमै प्रवन्ध मिलाउन सरकारलाई निर्देशन दिइसकेको छ।

महामारीका अवस्थामा घरेलुहिंसा, महिलाहिंसा, लैङ्गिक हिंसाका धेरै हुने गरेका छन्- समितिका सभापति निरुदेवी पालले भने- कोभिड-१९ सङ्क्रमणको दोस्रो लहरले मुलुक प्रभावित भएको छ, यस्तो समयमा लैङ्गिग हिंसाका घटना हुन नदिन र भएमा तत्काल उद्धार, क्षतिपूर्ति तथा उचित न्याय दिनका लागि सरकारले दिनुपर्छ।

देशमा देखिएको कोभिड-१९को दोस्रो लहर नियन्त्रण एवं रोकथामका लागि विभिन्न क्षेत्रमा गरिएका निषेधाज्ञा एवं बन्दाबन्दीको क्रममा बिगतको अनुभवबाट शिक्षा ग्रहण गर्नुपर्ने समितिले सरकारलाई निर्देश गरेको छ। यही वैशाख १४ गते बसेको समितिको बैठकले दिएको निर्देशनमा भनिएको छ- महिला, बालबालिका, ज्येष्ठ नागरिक, फरकरुपले सबल एवम् लैंगिक अल्पसङ्ख्यकहरुमाथि हुनसक्ने हिंसा न्यूनीकरण, नियन्त्रणमा पूर्व तयारी गर्न उल्लेखित लिङ्ग, वर्गमैत्री क्वारेन्टिनको प्रवन्ध समयमा नै मिलाउनु जरुरी छ। समितिले संघ, प्रदेश, स्थानीय तह सबैले मिलेर यस्ता खालको घटना नियन्त्रणमा निर्देशन दिएको हो।

समितिले आगामी दिनमा देखिन सक्ने चुनौतीहरुलाई पूर्व आँकलन गरी कार्य सम्पादन गर्न, गराउन समिति सरकार, गृह मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको हो। समितिले विभिन्न जिल्लामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, पिछडिएको वर्ग र अपाङ्गतासम्बन्धी विद्यमान अवस्था र सम्बन्धित कानूनको कार्यान्वयनको अवस्थाको सम्बन्धमा गरेको स्थलगत अध्ययन समेत गरेको थियो। त्यसको आधारमा सरकारलाई निर्देशन दिएको हो।

महामारीको समयमा सरकारले आफ्ना नागरिकको स्वास्थ्य र जीवन रक्षाका लागि काम गर्नुपर्छ। सरकार नै नागरिकको अभिभावक हो। सरकारका साथै सरकारका संयन्त्र र सरोकारवाला निकायहरु सबैले लैङ्गिक हिंसा नियन्त्रण र न्यूनीकरण गर्नका लागि काम गर्नुपर्छ। राष्ट्रिय महिला आयोगले समग्र महिलाको न्यायका लागि काम गर्दै आएको छ। अहिलेको विषम परिस्थितिमा पनि आयोगले सरकार तथा सम्बन्धित सरोकारवाला निकायसँग मिलेर लैङ्गिक हिंसाका नियन्त्रण र न्यूनीकरणका लागि योजना बनाएर काम गरिरहरेको छ।

कोरोना भाइरकसको जोखिममा लैङ्गिक हिंसाका नियन्त्रण र न्यूनीकरणका लागि स्थानीय तह, गृहमन्त्रालय, प्रहरी, महिला तथा बालबालिका सेल, महिला बालबालिका मन्त्रायलयसँग अनुरोध गरेका छौँ-आयोगका अध्यक्ष कमला पराजुलीले भने- यस्ता प्रकृतिका घटना हुनै नदिने, भइहालेको अवस्थामा पीडितलाई न्याय र क्षतिपूर्ति गराउने र पीडकलाई दण्ड दिने कामको भूमिका खेलिरहेका छौँ।

महामारीबाट बचाउनका लागि गतवर्ष सरकारले गरेको बन्दाबन्दीको अवस्थामा पनि क्वारेन्टिनमै हिंसा तथा दुर्व्यवहारका घटना भए। अहिलेको अवस्थामा त्यो हुन नदिन आयोगले शुरुदेखि नै क्रियाशील भएर काम गरिरहेको छ। आयोगका अध्यक्ष पराजुलीको संयोजकत्वमा सरोकारवाला निकायहरुसहित एउटा समिति समेत गठन भएको छ। त्यो समितिले यो अवधिमा महिलामाथि हुने सबै प्रकारका घटनाको अध्ययन गर्नेछ।

क्वारेन्टिमा बस्ने महिलामाथि पनि हिंसा तथा दुव्यवहारका घटना भए-आयोगका अध्यक्ष पराजुलीले थप्नुभयो, यस्ता घटना हुन नदिनका लागि लैङ्गिकमैत्री, बालबालिका, अपाङ्गमैत्री बनाउनका लागि सुझाव दिएका छौँ, यसो भएमा लैङ्गिक हिंसाका घटनाहरु कम हुन्छ। उहाँका अनुसार आयोगले महामारीको अवस्थामा हिंसामा परेका महिलालाई राहतको उठाएको छ।. हिंसामा परेका महिलामा पनि वृद्धा, सुत्केरी, गर्भवतीजस्ता हुन्छन्। त्यस्ता महिलालाई सहयोग गर्न सम्बन्धित निकायमा समन्वय गरेर सहयोग गरिरहेको छ।

देशको कुनै पनि ठाउँमा लैङ्गिग हिंसा भएमा आयोगको हटलाइन ११४५मा सिँधै खबर गर्न सकिन्छ। यो अवधिमा आयोगले पीडितका लागि विशेष व्यवस्था गरेको छ। उजुरीका प्रक्रियामा पीडितलाई सुरक्षित स्थानमा पठाउने, औपधिउपचार गर्नुपर्ने भए गर्ने, मनोसामाजिक परामर्श गराउने, प्रहरीमा उजुरी गर्नुपर्ने भएमा त्यस्तो पनि सहयोग गर्छौं-आयोगका अध्यक्ष पराजुलीले भने- हिंसा पीडित महिलालाई कस्तो सहयोग गर्नुपर्ने हो, आयोगले देशभर समन्वय गरेर सहयोग गर्छ। उक्त आयोग महिलाको हक अधिकार सुनिश्चित गर्ने र हिंसामा परेका महिलालाई न्याय दिलाउनका लागि काम गर्दै आएको छ।

आयोगले हिंसामा परेका महिलालाई देशभर सम्बन्धित जिल्लामा समन्वय गरेर सो क्षेत्रमा महिलाको संरक्षण गर्ने र देशभर अनुगमन गर्ने काम समेत गरिरहेको छ। सेवाप्रदायक संस्थागत मिलेर पनि आयोगले यस्तो काम गरिररहेको छ।

देशको समग्र मानव अधिकारको विषयमा काम गर्दै आएको राष्ट्रिय मानवअधिकार आयोगले पनि लैङ्गिग तथा घरेलु हिंसा नियन्त्रणका छुटै संयन्त्रण बनाएर काम गरिरहेको छ। आयोगले नेपाल पत्रकार महासंघ, गैरसरकारी संस्था महासंघ, नेपाल बारलगायत सबै सरोकारवालाको एउटा उच्चस्तरीय संयन्त्र गठन गरेको छ। त्यो संयन्त्रले देशव्यापीरुपमा भएका मानवअधिकारका उल्लंघनका घटनाको अध्ययन तथा अनुगमन गर्ने काम गर्छ।

महामारीका समयमा देशभरबाट आएका सुझावलाई समेटेर आयोगले सरकारलाई १३ बुँदे सुझाव पनि बुझाइसकेको छ। लैङ्गिक हिंसा भएमा न्यायका लागि छुट्टै व्यवस्था समेत गरेको छ- आयोगका लिली थापाले भने- महिला, बालबालिका, सिमान्तकृत समुदाय समस्यामा परिरहेका छन् र पर्न सक्ने भनेर देशभर अनुगमन पनि गरिरहेका छौं। आयोगले त्यस्ता समस्यामा परेमा कहाँ गएर उजुरी गर्ने, कसरी गर्ने सबै कुरा समेटेर लैङ्गिक हिंसा अन्त्यका लागि नौ बुदे आचारसंहिता बनाएको छ।

विशेष गरी महिला र बालबालिकामाथि हुने हिंसाको अन्त्यका लागि काम गरिरहेको छौँ- उनले थपे- विपद् तथा महामारीका अवस्थामा जोखिममा पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, सिमान्तकृत नै हो, उनीहरुको मानवअधिकारका लागि आयोगले काम गर्छ। आयोगले अहिले लैङ्गिक हिंसा तथा घरेलुहिंसा भएको अवस्थामा सहसचिवले फोन उठाउने गरी हटलाईनको समेत व्यवस्था गरेको छ।

विपद् तथा महामारीका बेला सवैभन्दा बढी महिला, बालबालिका, ज्येष्ठ नागरिक र सिमान्तकृत समुदायका मानिसहरु पर्ने गरेका छन्। विपद्का समयमा यस्ता व्यक्ति तथा समुदायलाई सरकार तथा सरोकारवाला निकायले मिलेर सहयोग गर्ने काम गर्नुपर्छ। लैङ्गिक हिंसा नियन्त्रण गरी सभ्य र सुसंस्कृत समाजको निर्माणमा सबैले भूमिका खेल्नुपर्ने देखिन्छ।


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८


## एनएमसीको अनलाइन सपिङ

**झापा, वैशाख २६।** एनएमसी कोपसप र सानो हाटबीचको सहकार्यमा झापामा अनलाइन सपिङ्गको प्रारम्भ गरिएको छ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को पूर्ण स्वामित्वमा सञ्चालित एनएमसी सहकारी पसल र बिर्तामोडमा सञ्चालन प्रारम्भ भएको सानो हाट अनलाइन प्रालिबीच सहकार्य गर्ने गरी करार भएको एनएमसी सहकारी पसलका प्रशासनिक प्रमुख नवीन भण्डारीले बताएका छन्।

बैशाख २६ गते आइतबारदेखि प्रारम्भ गरिएको अनलाइन सपिङ्ग हाललाई बिर्तामोडको ५ किलोमिटर क्षेत्रभित्र लागू हुनेछ।

सानो हाट नामक एप्पलीकेशन प्ले स्टोरबाट डाउनलोड गरी एनएमसी कोपसपबाट सामानहरु अर्डर गर्न सकिन्छ। सामान अर्डर गरेको एक घण्टाभित्र घरमै डेलिभरी गरिने सानोहाटका सिइओ त्रिलोक कर्णले बताए।

आम नागरिकहरुलाई छिटो, सस्तो र सहज खरीदका लागि प्रभावकारी हुने अपेक्षाका साथ ल्याइएको योजना निकट भविष्यमा झापा जिल्लाभर सञ्चालन गरिने बताइएको छ। एनएमसी कोपसपका झापा जिल्लाभर रहेका सम्पूर्ण पसलहरुबाट उक्त सुविधा प्रदान गरिनेछ। हाल झापा जिल्लाका शनिश्चरे, राजगढ, बनियानी, चारआली, चन्द्रगढी, दूधे, खुदुनाबारी, गौरीगञ्ज र बुधबारेमा एनएमसी कोपसपहरु सञ्चालनमा रहेका छन्। गौरादह, बिर्तामोड र काँकरभिट्टामा कोपसप सञ्चालनको तयारी अन्तिम चरणमा रहेको छ।

कोभिड १९को प्रभावलाई मध्यनजर गरी सुरक्षित खरीद बिक्री गरिने र अनावश्यक भीडभाडबाट ग्राहकहरुलाई बचाउनका लागि यो उत्तम उपाय हुनेछ। यसले आम नेपाली नागरिकको जीवनशैलीलाई स्वस्थ र सुविधाजनक बनाउने अपेक्षा गरिएको छ। नियमित रुपमा घरायसी प्रयोजनका लागि आवश्यक पर्ने सामानहरु एनएमसी कोपसपबाट खरिद गर्न सकिनेछ। हाल कोरोना महामारी नियन्त्रणका लागि एनएमसी कोपसप बिहान ७:०० देखि ९:३० सम्ममात्र खुल्ला रहेपनि अनलाइन सपिङ्गको सुविधा बिहान ७:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म सञ्चालनमा रहनेछ।


## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विभाग**
**जनताको तटबन्ध कार्यक्रम, झापा**

## बिरिङ्ग, कमल, मेची र कन्काई नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७८/०१/२७**

जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं. १ झापाद्वारा प्रदेश नं. १, झापा जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | जनताको तटबन्ध कार्यक्रम, झापा<br>सम्पर्क नं.: ०२३-४१०१०१<br>इमेल: pep1dwidp@gmail.com | |
| प्रस्तावको व्यहोरा | आयोजना क्षेत्रमा मनसूनको बाढीले उत्पन्न हुने मुख्य समस्याहरुमा नदीको किनारमा भू-क्षय हुनु, बाढी आउनु, जलमग्न हुनु आदि रहेको छ। यी समस्याहरुले खेतीजन्य जग्गा, घरहरू र नदीको किनार नजिकै बसोबास गर्ने मानिसहरुको बहुमूल्य सम्पत्तिहरू लाई ठूलो क्षति पुऱ्याउदै आइरहेको छ। यी समस्याहरु नियन्त्रण गर्न आयोजनाले तटबन्ध (Embankment), रिभेटमेन्ट (Revetment) र स्पर्स/स्टड (Spurs/Studs) को निर्माण गर्न लागेको छ। प्रस्तावित नदी नियन्त्रण कार्यले तराईको जिउज्यान र जिविकामा सुधार ल्याउन महत्वपूर्ण भुमीका खेल्ने छ। | |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | बिरिङ्ग नदी नियन्त्रण कार्य | बाह्रदशी गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ७ , कचनकावल गाउँपालिका वडा नं. १, झापा गाउँपालिका वडा नं. ५, ६, अर्जुनधारा नगरपालिका वडा नं. १, २, ३, ४, ५ र कन्काई नगरपालिका वडा नं. १, ६, ७, ८ |
| | कमल नदी नियन्त्रण कार्य | गैरिगञ्ज गाउँपालिका वडा नं. १, कमल गाउँपालिका वडा नं. १, २, ३ र शिवसताक्षी नगरपालिका वडा नं. १, २, ३, ४, ५ |
| | मेची नदी नियन्त्रण कार्य | कचनकवल गाउँपालिका वडा नं. ४, ५, भद्रपुर नगरपालिका वडा नं. ३, ४, ५, ९ र मेचीनगर नगरपालिका वडा नं. १, ४, ५, ६, ७, १५ |
| | कन्काई नदी नियन्त्रण कार्य | गैरिगञ्ज गाउँपालिका वडा नं. १, झापा गाउँपालिका वडा नं. १,२, ४, ७, शिवसताक्षी नगरपालिका वडा नं. ४, ६, ७, ९, १०, कन्काई नगर पालिकाको वडा नं. ४, ५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| जनताको तटबन्ध कार्यक्रम झापा<br>सम्पर्क नं.: ०२३-४१०१०१<br>इमेल: pep1dwidp@gmail.com | इन्भारोमेन्टल वर्क्स एण्ड सर्भिसेज नयाँ बानेश्वर, काठमाडौं<br>सम्पर्क नं. : ९८५१०४८५३१<br>इमेल: ews.ktm@gmail.com |



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ। छोटो समयमा पुरुषार्थी काम सम्पादन हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ। समुदायको हितमा लोकप्रिय काम गर्न सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
नोकरी र व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुने समय छ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट भने अलि सजग रहनुपर्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
परिस्थितिवश चिताएको काम रोकिन सक्छ। हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
अस्वस्थताले काममा जुट्न नसकिएला। कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
अरूका लागि बुद्धि खर्चनुपर्ला। बिग्रिएको काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। गोपनीयतामा ध्यान दिनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला। समस्या पर्दा शुभचिन्तकहरूले साथ दिनेछन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अभिभावकको सहयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। विगतका कमजोरीलाई सुधार गर्ने मौका छ।